श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २५७

पुनरावेदन नं. ०७७-RB-०३२७

**मुद्दाः- अग्रिम कर (२०७३/०७४)।**

पुजा इन्टरनेशनल नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०५०१६२७२) को तर्फबाट अख्तियार प्राप्त संचालक/अध्यक्ष बिशाल अग्रवाल........................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१
श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु निर्णय मिति : २०७६/०३/३१

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/०३/०८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को

दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता पूजा ईन्टरनेशनल प्रा.लि.को आ.व. २०७३।०७४ अनुसन्धानको सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटवारी एवं करदाताबाट पेश भएका खाताहरू लगायतका कागजात समेतको विस्तृत अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गरी मिति २०७६।०३।१५ मा विस्तृत अनुसन्धान प्रतिवेदनको आधारमा प्रस्तुत करदाताले आयकर ऐन, २०५८ को दफा ८८ को व्यवस्था बमोजिम केही शिर्षकमा अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो बमोजिम नगरेकोले सो रकममा दफा १२० बमोजिमको शुल्क सहित र केही शीर्षकमा अग्रिम कर कट्टी गरेको रकम सोही ऐनको दफा ९० को उपदफा (१) बमोजिमको म्यादभित्र दाखिला गरेको नपाइएकोले ढिलो गरी दाखिला गरेकोमा सोही ऐनको दफा ११९(१) बमोजिमको ब्याज समेत माग गर्नु पर्ने देखिएकोले उक्त रकम दाखिला गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न सोही ऐनको दफा ९०(८) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६/०३/१५ मा जारी भएको सूचना ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/१५ मा जारी भएको सूचना करदाताले मिति २०७६/०३/१६ मा बुझी लिई सो को लिखित जवाफ करदाताले मिति २०७६/०३/३० मा पेश गरेको ।

३. आयकर ऐन, २०५८ को दफा ९०(१) बमोजिम अग्रिम करको विवरण तथा सोही ऐनको दफा ९०(४) बमोजिम अग्रिम कर दाखिला गरेको नपाइएकोले मिति २०७६।३।१५ को निर्णयानुसार आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम १५ प्रतिशतले व्याज समेत गणना गरी रू.१,८५,९१६।- १५(पन्ध्र) दिनभित्र दाखिला गर्नुहुन वा यस अघि नै दाखिला गरी सकेको वा दाखिला गर्न नपर्ने भए सोको प्रमाण पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/३१ मा भएको निर्णय ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०३।३१ मा आयकर तर्फको (अग्रीम कर कट्टी सम्वन्धि) विक्री कमिशन खर्चमा रू.१,११,५३३।-, विज्ञापन खर्चमा १०,२८४।-, व्यापार प्रवर्द्धन खर्चमा १,६४,४७९।- गरि जम्मा रू.१,८५,९१६।- अग्रीम कर कट्टी दाखिला गर्ने

सम्वन्धमा भएको संशोधित कर निर्धारण आदेश उपर चित्त नबुझी करदाता श्री पुजा इन्टरनेशनल नेपाल प्रा.लि. ले प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा मिति २०७६।६।८ मा पेश गरेको निवेदन ।

५. आयकर ऐन २०५८ दफा २ (कम) मा सेवा शुल्क भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा वापत निजलाई वजार मुल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले कमिशन, वैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउछ भनि उल्लेख गरेकोले करदाताको विज्ञापन र व्यापार प्रवर्द्धन सम्वन्धि कार्य वस्तुको विक्री नभई सेवाको मात्र विक्री भएकोले यसमा आयकर ऐन २०५८ को दफा ८८(१) वमोजिम करकट्टी गर्नु पर्ने हुँदा प्रस्तुत विवादको सम्बन्धमा करदाताको जिकिर नपुग्ने हुँदा ठूला करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत रहेको भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय ।

६. बिज्ञापन तथा व्यापार प्रवर्द्धन सम्बन्धि कार्य बस्तुको बिक्री नभई सेवाको मात्र बिक्री भएकोले यसमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम कर कट्टी गर्न पर्ने भनि बिपक्षी कार्यालयहरुबाट भएको निर्णय कानून सम्मत छैन । आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा के कस्तो प्रकारको भुक्तानीमा कर कट्टी गर्नुपर्ने भनी उल्लेख गरी रोजगारदाताबाट कर कट्टी, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी ठेक्का वा करारको भुक्तानी गर्दा कर कट्टी गर्नु पर्ने भन्ने व्यवस्था उल्लेख छ। विज्ञापन खर्च र व्यापार प्रवर्द्धन खर्च बापत कम्पनीले गरेको खर्चमा अग्रिम कर दाखिला गर्नु पर्ने कानुनी व्यवस्था नभएको हुँदा कम्पनीले सो बापत गरेको खर्चमा अग्रिम कर दाखिला नगरेको हुँदा अग्रिम कर कट्टी नगर्नु पर्ने विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्चमा ऐ. ऐनको दफा ८८(१) बमोजिम कट्टी नगरेको भनि विपक्षी कार्यालयले अग्रिम कर दाखिला गर्न वाकी रु.९८,४५८।- र ऐ. ऐनको दफा १२०(क) बमोजिमको शुल्क रु.४९,२२९।- र दफा ११९ बमोजिमको व्याज रु.३८,२२९।- समेत जम्मा रु.१,८५,९१६।- माग गर्ने गरी भएको निर्णय आयकर ऐन, २०५८ विपरित हुँदा सो बदर गरि आदेश बमोजिमको कर, व्याज, जरिवाना लगायतको दायित्वबाट उन्मुक्ति गरी पाउ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०७।२३ मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०१/२३ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा उल्लेखित कानूनी व्यवस्थाले विभिन्न प्रकारको भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्थालाई अंगिकार गरेको भएतापनि विज्ञापन तथा व्यापार प्रवर्द्धनमा गरिएको खर्चका सम्बन्धमा गरेको भुक्तानी वापत कर कट्टी गर्नु पर्ने विषयलाई ईंकित नगरेको कारण सो वापतको खर्चमा अग्रिम कर दाखिला गर्नु नपर्ने हुँदा ठूला करदाता कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ९०(१) बमोजिम अग्रिम कर दाखिला गर्नुपर्ने भनी गरेको कर निर्धारण आदेश विधिसम्मत नभएको लगायतका कारणबाट सुरु निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा भएको अन्तिम कर निर्धारण आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय मिलेको छ छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

१०. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन, २०७३) को दफा १८ को उपदफा (४) को परिभाषा बमोजिम विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्च सेवा शुल्क अन्तर्गत नपर्ने भएकोले अग्रिम कर कट्टी नगरिएको कार्यलाई ठूला करदाता कार्यालयबाट मूल्यांकन नगरी अग्रिम कर वापत रु.९८,४५८।-, ऐ.ऐनको दफा १२०(क) बमोजिमको शुल्क रु.४९,२२९।- र दफा ११९ बमोजिम ब्याज रु.३८,२२९।- समेत जम्मा रु.१,८५,९१६।- दाखिला गर्नु भनी भएको कर निर्धारण आदेश विधिसम्मत नरहेको भनी चुनौती दिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा २ (कम) मा सेवा शुल्कको परिभाषा गरिएको पाईन्छ। उक्त व्यवस्था बमोजिम "सेवा शुल्क" भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा वापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ।" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। यसरी उल्लिखित

व्यवस्थाले पुनरावेदक करदाताले खर्च गरेको विज्ञापन र व्यापार प्रवर्द्धन सम्बन्धि कार्य वस्तुको विक्री नभई सेवाको मात्र विक्री भएको स्पष्ट हुन आउँछ। त्यसैगरी, आयकर ऐन, २०५८ को दफा ८८ उपदफा (१) मा "*बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री वोनस,अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार करदाताले विज्ञापन तथा व्यापार प्रवर्द्धन खर्च शीर्षक अन्तर्गतको अग्रिम कर कट्टी नगरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५% ले हुने रकम रु.९८,४५८।- अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने देखिन्छ। उक्त रकम करदाताले समयमा दाखिला नगरेको कारणबाट सो रकममा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.३८,२२९।- र सोही ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क रकम रु.४९,२२९।- सहित कूल रकम रु. १,८५,९१६।- माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत नै देखियो।

११. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री पूजा इन्टरनेशनल प्रा.लि.(स्थायी लेखा नं.३०५०१६२७२) को आ.व. २०७३/०७४ को आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम अग्रिम कर माग गर्ने गरि ठूला करदाता कार्यालय ललितपुरबाट भएको मिति २०७६।०३।३१ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल चैत्र १२ गते रोज १ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप